आज मिति २०८२ साल जेठ २६ गते सोमबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम निम्न पदाधिकारीहरूको उपस्थितिमा नगरकार्यपालिकाको ५७औं बैठक बसी देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोका | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | श्री सुरज श्रेष्ठ | | |
| आमन्त्रित | | | | | |
| २४ | अधिकृत आठौं | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | | | | | |

## २०८२/०२/२६ गतेको नगर कार्यपालिकाको ५७औं बैठकको एजेन्डाहरू

१. मिति २०८२/०१/२६ गते बसेको कार्यपालिकाको ५६औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।

२. आ.व. २०८२/०८३ को दहत्तर बहत्तरको ठेक्का तथा निकासी कर सम्बन्धमा ।

३. नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृतहरुलाई प्रोत्साहन भत्ता र चौबीस घण्टा सेवा भत्ता उपलब्ध गराउने र नगर अस्पताल प्रमुखलाई थप भत्ता सम्बन्धमा ।

४. २०८२/०८३ को १७औं नगर अधिवेशन तयारी सम्बन्धमा ।

५. असार १५ गते धान दिवस मनाउने सम्बन्धमा ।

६. स्थानिय शिक्षा शिक्षा संशोधन सम्बन्धमा ।

७. चालु आ.व. २०८१/०८२ को योजना सम्बन्धमा ।

८. मण्डनदेउपुर नगरपालिका कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ पारित सम्बन्धमा ।

९. महिला समूह दर्ता तथा संचालन सम्बन्धि कार्यविधि, २०८१ सम्बन्धमा ।

१०. जिल्ला समन्वय समिति, काभ्रेको अगुवाई तथा समन्वयमा भएको विश्व युवा महोत्सव-२०२५ कार्यक्रमका लागि सहयोग उपलब्ध गराउने सम्बनधमा ।साथै नगर अस्पताल मर्मतको लागि जिल्ला समन्वय समितिलाई आर्थिक सहयोग माग गर्ने सम्बन्धमा ।

११. महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रमा अवलोकन भ्रमणको लागि विभिन्न नसर्ने रोग तथा स्वास्थ्य शिविर शिर्षकबाट खर्च भएकोले खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

१२. विपद् राहत तथा व्यवस्थापन सम्बन्धमा ।

१३. विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

मिति २०८२/०१/२६ गतेको कार्यपालिकाको ५६औं बैठकको निर्णय समिक्षा गरियो।

**निर्णय नं.२**

क) मण्डनदेउपुर नगरपालिकाभित्र बग्ने इन्द्रावती नदीको विभिन्न बगर क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन्/संकलन कार्यका लागि वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची उपर कारवाही हुँदा प्रस्तावकबाट प्राप्त परिमार्जित क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यूचि बागमती प्रदेशको वातावरण संरक्षण ऐन, २०७७ को दफा ६ को उपदफा (१) बमोजिम बागमती प्रदेश सरकार,

वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०८२/०२/२३ को निर्णयानुसार स्वीकृत गरिएको कार्ययोजना,

| | |
|---|---|
| प्रस्तावको नाम: मण्डनदेउपुर नगरपालिका क्षेत्राधिकार भित्र बग्ने इन्द्रावती नदीको विभिन्न बगर क्षेत्रबाट वातावरण मैत्री तरिकाले नदिजन्य पदार्थ उत्खनन् तथा संकलन। | |
| **प्रस्तावको अवस्थिति:** | |
| प्रदेश | बागमती |
| जिल्ला | काभ्रेपलाञ्चोक |
| नगरपालिका/वडा नं | मण्डनदेउपुर नगरपालिका / वडा नं. ६, ७, ९, १० र १२ |
| प्रस्तावित क्षेत्रको सुरुवात तथा अन्त्य विन्दुको आक्षांश र देशान्तर | सुरुवात विन्दु २७° ४४'४९.६९" उत्तर<br>८५° ३६'२३.०१" पूर्व<br>अन्तिम विन्दु २७° ३८'२२.२२" उत्तर<br>८५° ४२'२२.९९" पूर्व |
| प्रस्तावित क्षेत्रको उचाइ | ६२४ देखि ७१५ मिटर समुद्री सतहबाट |
| **नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गरिने नदीको विवरण:** | |
| नदीको नाम | इन्द्रावती नदी |
| नगरपालिका भित्र नदीको लम्बाइ | १५.०५ किलोमिटर |
| **संकलन/उत्खनन् कार्य, स्थल र प्रकृया:** | |
| संकलन/उत्खनन् क्षेत्र | अक्षांश/देशान्तर/ उचाई (समुद्र सतहबाट) |
| उत्खनन् क्षेत्र १<br>सिपाघाट<br>वडा नं.७ | २७°४४'१९.७१"N<br>८५°३६'३५.७५"E<br>देखि<br>२७°४३'५२.७८"N<br>८५°३६'५२.१८"E /<br>७०६-६९८ मि. |
| उत्खनन् क्षेत्र २<br>कुन्तावेशी<br>वडा नं.७ र ९ | २७°४३'४९.३१"N<br>८५°३६'५८.३५"E<br>देखि<br>२७°४३'२९.३६"N<br>८५°३७'३६.४४"E |

| | |
|---|---|
| | ६९८-६८९ मी. |
| उत्खनन् क्षेत्र ३<br>जैसीथोक मण्डन<br>वडा नं.९ | २७°४३'२३.७७"N<br>८५°३७'४८.१४"E<br>देखि<br>२७°४३'५.०५"N<br>८५°३८'१८.१९"E<br>६८५-६८० मि. |
| उत्खनन् क्षेत्र ४<br>जोगीटार<br>वडा नं.१० | २७°४२'४७.८५"N<br>८५°३९'३२.२३"E<br>देखि<br>२७°४२'२५.९२"N<br>८५°४१'३९.०९"E<br>६९८-६८९ मि. |
| उत्खनन् क्षेत्र ५<br>साण्डी वेशी<br>वडा नं.१२ | २७°४०'१८.३१"N<br>८५°३६'५८.३५"E<br>देखि<br>२७°३९'५९.५०"N<br>८५°४१'३३.८७"E<br>६४२-६४० मि. |
| संकलन/उत्खनन् विधि | सम्भवतः श्रमिक, हाते औजारबाट वा वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदनले तोकेको विधि अनुसार मेशिन औजार प्रयोग गरि। |
| संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी/उपकरणहरू | दैनिक उत्खनन् गर्ने परिमाण १३०६.४०६ घ.मि. रहेका कारण हाते औजार द्वारा उत्खनन् गर्न सम्भव नरहेको र बाढीका कारण थुप्रिएको नदिजन्य पदार्थ तत्काल उत्खनन्/संकलन गर्नुपर्ने वाध्यता रहेको हुँदा मेशिन प्रयोग गर्नुपर्ने रहेको छ। |
| संकलन/उत्खनन्को परिमाण | दैनिक १३०६.४०६ घ.मि. र वार्षिक ३,५२,७२९.६ घ.मि. |

| | |
|---|---|
| संकलन /उत्खनन् गरीने अबधि | प्रत्येक आ.ब.को असोज १ गतेदेखि जेठ मसान्तसम्म मात्र (असार, श्रावण र भाद्रमा संकलन गर्नुपर्ने भएमा जिल्ला समन्वय समितिको स्वीकृत लिएर मात्र संकलन तथा उत्खनन् गर्ने। |
| संकलन/उत्खनन् गरिने सामाग्रीहरू : | ढुङ्गा, गिट्टी, र वालुवा समेतका नदीजन्य सामाग्रीहरू |
| प्रस्तावित अन्तर्गतका कार्यहरू : | संकलन, उत्खनन् तथा ढुवानी र प्रभाव न्यूनीकरण सम्बन्धी उपायहरु अवलम्बन |

| क्र.स. | संकलन/उत्खनन् स्थल | औसत लम्बाइ (मि.) | औसत चौडाइ (मि.) | औसत क्षेत्रफल (वर्ग मि.) | औसत गहिराई (मि.) | उत्खनन गर्न सकिने परिमाण (घ.मि.) | समुद्री सतह बाट उचाइ (मि) | अक्षंश / देशान्तर | नदीजन्य पदार्थ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उत्खनन् क्षेत्र १ सिपाघाट वडा नं.७ | ९४१ | १४३.१४ | १,३५,४१४ | ०.७ | ९४७८९.८ | ७०६ - ६९८ मि. | २७°४४'१९.७१"N ८५°३६'३५.७५"E देखि २७°४३'५२.७८"N ८५°३६'५२.१८"E | ढुङ्गा: ०५% गिट्टी: ८५% वालुवा: १०% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | उत्खनन् क्षेत्र २ कुन्तावेशी वडा नं.७ र ९ | १२०० | ७५.३३ | ९०,३९८ | ०.७ | ६३२७८.६ | ६९८ - ६८९ मि. | २७°४३'४९.३१"N ८५°३६'५८.३५"E देखि २७°४३'२९.३६"N ८५°३७'३६.४४"E | ढुङ्गा: ०५% गिट्टी: ८५% वालुवा: १०% |
| ३ | उत्खनन् क्षेत्र ३ जैसी थोक मण्डन वडा नं.९ | ९५५ | १४७.५९ | १,४०,९४७ | ०.६ | ८४५६८.२ | ६८५ - ६८० मि. | २७°४३'२३.७७"N ८५°३७'४८.१४"E देखि २७°४३'५.०५"N ८५°३८'१८.१९"E | ढुङ्गा: ०५% गिट्टी: ८५% वालुवा: १०% |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | उत्खनन् क्षेत्र ४ जोगीटार वडा नं.१० | ११<br>३८ | १५७.<br>९ | १,७९,<br>६८८ | ०.५ | ८९८४४ | ६९८ - ६८९ मि. | २७°४२'४७.८५"N ८५°३९'३२.२३"E देखि २७°४२'२५.९२"N ८५°४१'३९.०९"E | ढुङ्गाः ०५% गिट्टीः ८५% वालुवाः १०% |
| ५ | उत्खनन् क्षेत्र ५ साण्डी बेशी वडा नं.१२ | ६०<br>१ | ६७.३<br>८ | ४०,४९<br>८ | ०.५ | २०२४९ | ६४२ - ६४० मि. | २७°४०'१८.३१"N ८५°३६'५८.३५"E देखि २७°३९'५९.५०"N ८५°४१'३३.८७"E | ढुङ्गाः ०५% गिट्टीः ७५% वालुवाः २०% |
| | जम्मा | | | ५,८६,<br>९४५ | | ३,५२,७<br>२९.६ | | | |

## राजश्व संकलनको आँकलन

| नदिजन्य पदार्थहरु | जम्मा |
|---|---|
| उत्खनन्/संकलन गरिने दिन | २७० |
| दैनिक उत्खनन् सिफारिस गरिने (घ.मि.) | १३०६.४०६ (लगभग १८६ टिपर) |
| वार्षिक उत्खनन् सिफारिस गरिने (घ.मि.) | ३,५२,७२९.६ |
| वार्षिक उत्खनन् सिफारिस गरिने (घ.फि.) | १,२४,५६,५४० |
| राजश्व प्रति घ.फि. (ढुङ्गा, गिट्टी बालुवा) | रु.७ (भ्याट बाहेक) |
| कुल राजश्व (प्रति वर्ष) | रु.८,७१,९५,७८० |

बागमती प्रदेश मन्त्रालयको आर्थिक विधेयकमा उल्लेखित रु.७ प्रति घ.फि. (VAT बाहेक) को दरमा EIA कार्ययोजनामा स्वीकृत भएको परिमाण १,२४,५६,५४० घ.फि. को मु.अ.कर सहित रु.९,८५,३१,२३१.४० (अक्षरुपी नौ करोड पचासी लाख एकतीस हजार दुइ सय एकतीस रुपैया चालीस पैसा) मा ठेक्का बन्दोवस्तका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ख) ढाडखोला-थारखोला र आँसीखोला-चाखोलाको IEE प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । साथै ढाडखोला-थारखोलाको IEE प्रतिवेदनमा स्वीकृत भएको परिमाण ८२५० घ.मि. (२,९१,३४६ घ.फि.) को मु.अ.कर सहित रु.२३,०४,५४६.८६ (अक्षरुपी तेईस लाख चार हजार पाँच सय छयालीस रुपैया छयासी पैसा) र आँसीखोला-चाखोलाको IEE प्रतिवेदनमा स्वीकृत भएको परिमाण ६४९२ घ.मि. (२,२९,२६२.८० घ.फि.) को मु.अ.कर सहित रु.१८,१३,४६८.७५ (अक्षरुपी अठार लाख तेह्र हजार चार सय अरसट्ठी रुपैया पचहत्तर पैसा) मा ठेक्का बन्दोवस्तका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

ग) कुहिएर नजाने फोहोर/कवाडी (फलाम, सिसा, प्लाष्टिक, कागज जन्य) व्यवस्थापनका लागि रु. १०,००,०००/- (अक्षरुपी दश लाख रुपैया मात्र) बराबरको ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

नगर अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. सुरेश श्रेष्ठ र डा. निकिता यादवलाई चौबीस घण्टा सेवा वापत हाजिर भएको मिति देखी लागु हुने गरी शुरु तलब स्केलको ५०% थप प्रोत्साहन रकम उपलब्ध गराउने र नगर अस्पताल प्रमुखलाई शुरु तलब स्केलको २५% थप रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.४**

१७औं नगर सभा अधिवेशन तयारीका लागि विषयगत समितिहरुले सम्बन्धित शाखागत र वडा स्तरिय कार्यक्रमहरु समेत संलग्न गरि प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

नगरकोट भ्रमण वर्ष २०८२ लाई सफल बनाउन र मण्डनदेउपुर नगरपालिकाको प्रचार प्रसार गर्न समेत सिमाना जोडिएका चाँगुनारायण, बनेपा र शंखरापुर नगरपालिकाका पदाधिकारी, प्रतिनिधि, पत्रकार, नागरिक तथा पर्यटकको सहभागिता रहने गरी कुन्तावेशीमा कम्तिमा १५ रोपनी जग्गामा परम्परागत र आधुनिक प्रविधिबाट रोपाई गरी असार १५ गते धान दिवस मनाउने निर्णय गरियो ।

**निर्णय नं.६**

मण्डनदेउपुर नगरपालिकाको स्थानिय शिक्षा ऐन, २०७४ लाई चौथो संशोधनका लागि अध्ययन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो । साथै अध्ययन गरि आगामी बैठककमा पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

चालु आ.व. २०८१/०८२ का कार्यन्वयन नभएका आन्तरिक योजनाहरुलाई प्राथमिकता दिई आ.व. २०८२/०८३ मा सार्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

मण्डनदेउपुर नगरपालिका कृषि विकास शाखा तर्फका कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.९**

महिला समूह दर्ता तथा संचालन सम्बन्धि कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**

जिल्ला समन्वय समिति, काभ्रेको अगुवाई तथा समन्वयमा भएको विश्व युवा महोत्सव-२०२५ कार्यक्रमका लागि रु. १०,००,०००/- (अक्षरुपी दश लाख रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो। साथै नगर अस्पताल मर्मतको प्राविधिक लागत इस्टिमेट बमोजिम जिल्ला समन्वय समितिलाई आर्थिक सहयोग माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्रमा अवलोकन भ्रमणको लागि विभिन्न नसर्ने रोग तथा स्वास्थ्य शिविर शिर्षकबाट खर्च भएकोले उक्त भ्रमणको विल भर्पाई बमोजिम रु. ४,००,०००/- (अक्षरुपी चार लाख रुपैया मात्र) खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२**

विपद्का कारण प्रभावित लाभग्राहीले यस नगरपालिकामा प्राप्त भएका निवेदनहरु मध्ये प्राथमिकताको आधारमा घर संरक्षण, बाटो मर्मत, सिचाई तथा खानेपानी मर्मतका लागि आवश्यक कागजात पुरा गरि स्थलगत निरिक्षण तथा लागत इस्टिमेट तयार गर्ने निर्णय गरियो । साथै प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, आर्मी प्रमुख, सशस्त्र प्रहरी प्रमुखको उपस्थितिमा विपद् पूर्व तयारी योजना निर्माणका लागि छलफल गर्ने निर्णय गरियो ।विपद् पूर्व तयारीका लागि आवश्यक सामग्रीहरु त्रीपाल, प्लाष्टिक र अन्य उद्धार सामग्रीहरु खरिद गर्ने निर्णय गरियो । साथै मिति २०८१ असोज १०, ११ र १२ गतेको वर्षातको कारण वडाभित्र विभिन्न बाटोमा क्षति भएकोमा बाटो सफा गरे वापत वडा नं.२ मा १३२ घण्टा, वडा नं.३ मा १७० घण्टा, वडा नं.७ मा २२ घण्टा, वडा नं.९ मा १५ घण्टा र गुम्बाको लागि

१७ घण्टा गरि जम्मा ३२ घण्टा, वडा नं.१० मा १२९ घण्टा र वडा नं. १२ मा १२० घण्टाको रकम भुक्तानी गर्न बाँकी रहेकोमा उक्त रकम नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ विविध

क) अस्थाई ट्राफिक प्रहरी बिट हिगुवापाटी काभ्रेलाई माग गरे बमोजिम कार्यालय व्यवस्थापनका लागि आवश्यक सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

ख) काभ्रे कवड्डी एकेडेमीले आयोजना गरेको अन्तर पालिका कवड्डी लिगमा सहभागी हुन मण्डन स्पोर्ट क्लबलाई ३०,०००/- (अक्षरुपी तीस हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गराउने।

ग) काभ्रेपलाञ्चोक जिल्ला अदालतलाई माग भए बमोजिम १२ कार्टुन A4 पेपर र १०० प्याकेट नेपाली कागज स्टेशनरी सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

घ) तपसिल बमोजिम विभिन्न वडामा जिर्ण भएका, जोखिम पार्ने र असहज गर्ने रुख काट्ने तथा हाँगा काटछाँट गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | २ | मेसागाउमा र चितेमा रहेको २ वटा जोखिम रुख काट्ने | २ | |
| २ | ३ | मानेडाँडामा पिपलको रुख काट्ने र विरधने पाटीको पिपलको हाँगा काटछाँट गर्ने | २ | |
| ३ | ४ | वडा परिसरमा रहेको बर र पिपलको हाँगा काटछाँट गर्ने | २ | |
| ४ | ५ | तपेश्वर मन्दिरमा र स्वास्थ्य कार्यालय परिसरको रुखको हाँगा काटछाँग गर्ने | २ | |
| ५ | ६ | गैरि विसौनामा रहेको १ जोखिम रुख काट्ने | १ | |
| ६ | ८ | भन्ज्याङमा र जुडिगाउमा रुखको हाँगा काटछाँट गर्ने | २ | |
| ७ | ९ | नर्वदापादटीमा, कटरबोटमा र पौवामा रहेका ३ वटा जोखिम रुख काट्ने | ३ | |
| ८ | १० | हल्देगैरीमा, बाँसचावामा, जोगिटार चौतारामा र हल्देटारमा रहेको ४ वटा जोखिम रुख काट्ने | ४ | |
| ९ | ११ | पाँचपिपल्ले र भगवती आ.वि. पछाडीको रहेको | ४ | |

| | | | | |
|---|---|---|---|---|
| | | २ वटा रुख काट्ने तथा जैसिथोक र पधेरो गैरोमा रहेको २ वटा रुखको हाँगा काटछाँट गर्ने | | |
| १० | १२ | साण्डि आँपको रुखको काट्ने | १ | |

ङ) वडा नं.४ कृष्ण प्रसाद अधिकारीले भोगचलन गर्दै आएको साविक नयाँगाउ देउपुर गाविस वडा नं.१ को कि.नं.१२१६ कृषि क्षेत्र हुनु पर्नेमा आवास क्षेत्र र कि.नं.१९४८ आवास क्षेत्र हुनु पर्नेमा कृषि क्षेत्र भई फरक परेकोमा नापी प्राविधिकको स्थलगत निरिक्षण गरि प्रतिवेदनमा उक्त कित्ताहरुमा जग्गा वर्गिकरण फरक परेको उल्लेख भएकोले जिल्ला मालपोत कार्यालयलाई नियमानुसार जग्गा धनि पुर्जामा जग्गा वर्गिकरण सच्याउनको लागि सिफारिस गर्ने निर्णय गरियो।

च) वडा नं. ९ निवासी रामचन्द्र सापकोटालाई मोटरसाइकलले ठक्कर दिई घाईते भएकोमा उपचारका लागि रु.१५०००/-, वडा नं. ३ निवासी सोम्बर तामाङको छोरी अञ्जना तामाङको हातको औला काटिएको हुँदा निजको उपचारको लागि रु.१५०००/-, वडा नं. ९ निवासी मान वहादुर रोकाको भुसा काट्ने मेसिनले हात काटिएको हुँदा निजलाई उपचारको लागि रु.१५०००/-, वडा नं.१२ निवासी सन्तोष दमाईको मृत्यु भएको र निजको परिवार आर्थिक रुपले विपन्न भएकोले शव वाहन गाडिभाडा वापत रु.१००००/-, वडा नं.८ निवासी धुर्व वहादुर ढुङ्गानाको छोरा सुसान ढुङ्गानालाई क्यान्सर भएकोले उपचारका लागि रु.१५०००/-, वडा नं.१० निवासी लक्ष्मी श्रेष्ठको कलेजोमा क्यान्सर भएकोले उपचारका लागि रु.१५०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

छ) वडा नं.१० मा रहेको सुलिकोट छ्योर्तेन तथा तिनधारा गुम्वा मर्मत र अन्य अपुरो सामुदायिक भवन निर्माण उपभोक्ता समितिलाई निर्माण कार्य सम्पन्न गर्न असार १५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

ज) वडा नं. १२ ठुल्डी बाँसखर्क बिस्कुटे सडकको भम्मे खोलामा अविरल वर्षाको क्षति भई कारण आवत जावतमा समस्या भएकोले उक्त सडक सञ्चलनको लागि प्राविधिक लागत इस्टिमेट वमोजिमको ह्युमपाइप उपलब्ध गराउने निर्णय गरियो ।साथै वडा नं. १० चण्डेनी इन्द्रावती सडकको विभिन्न स्थानमा अविरल वर्षाको क्षति भई आवत जावतमा समस्या भएकोले उक्त सडक सञ्चलनको लागि प्राविधिक लागत इस्टिमेट वमोजिमको ह्युमपाइप उपलब्ध गराउने निर्णय गरियो ।वडा नं.९ आँसिखोला दोभान देखि झोलुङ्गे पुलसम्म विभिन्न ठाँउमा सिचाई कुलो र सडक क्रसिङका लागि प्राविधिक लागत इस्टिमेट वमोजिमको ह्युमपाइप उपलब्ध गराउने निर्णय गरियो ।

झ) श्री कालिजंग गण, धुलिखेलले यस मण्डनदेउपुर नगरपालिका वडा नं.६ स्थित सिपाघाट इन्द्रवाती इलाकामा विपद् प्रतिकार्य सम्बन्धि अभ्यास मनसुन-४ संचालन गरेकोमा उक्त कार्यक्रमको खाजा खर्च वापतको रु.८७,०००/- भुक्तानि गर्न बाँकी रहेकोले नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ञ) नगरकोट भ्रमण वर्ष २०८२ मनाउँदा खर्च भएको रकम नगरकोट पर्यटन पूर्वाधार विकास शिर्षकबाट नगरकोट नालदुम पर्यटन विकास समितिलाई बाँकी अनुदान रकम भुक्तानी गर्ने निर्णय गरियो। साथै नगरकोट भ्रमण वर्ष २०८२ तयारी कार्यका लागि विभिन्न संरचना बनाउदा खर्च भएको रकम नगरकोट पर्यटन पूर्वाधार विकास शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।नगरकोट गेट छेउदेखि महाकाली मा.वि. सम्मको खण्डमा कालोपत्रे गर्नको लागि नगरकोट पर्यटन पूर्वाधार विकास शिर्षकबाट वजेट व्यव्थापन गरि कोटेशन मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

ट) नगरपालिकामा आकस्मिक ढंगले गर्नुपर्ने कार्यका लागि "विकास निर्माण लगायत विविध भैपरी आउने योजना" शिर्षकमा हाल खर्च नभई बाँकी रहेका शिर्षकबाट संशोधन गरेर रकम व्यवस्थापन गर्ने निर्णय गरियो ।

ठ) सवारी चालक (हेभि) सुनिल लम्साललाई सवारी चालक (ह.स.चा.) मा करार नियुक्त गर्ने र ब्याक-हो लोडर सहयोगी (का.स.सरह) सञ्जय लामालाई सवारी चालक (हेभि) मा करार नियुक्त गर्ने निर्णय गरियो ।

ड) कुन्ता नयाँगाउँ नगरकोट सडक खण्डमा यस नगरपालिकावाट नयाँगाउँ-खस्रे-नगरकोट सडक योजनाको ठेक्का आव्हान भई सम्झौता गरि निर्माण भईरहेकोमा हेम वहादुर तामाङ र जित बहादुर तामाङले यस नगरपालिकाका नगर प्रमुख र नगरपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई उच्च अदालत, पाटनमा निवेदन दिएकोमा सम्मानित उच्च उदालतबाट निर्माणाधिन संडकको काम रोक्न निषेधाज्ञा जारी भई लिखित जवाफ पेश गर्न म्याद समेत तामेल भईसकेको हुँदा उक्त मुद्दामा यस नगरपालिकाको तर्फबाट श्री उच्च अदालद, पाटनमा उपस्थित भई बहस पैरवी गर्न, वारेस नियुक्त गर्न निवेदन दर्ता गर्न लगायतका मुद्दा तथा मुद्दाको फैसला कार्यान्वयन सम्बन्धि अन्य सम्पूर्ण काम कारबाही गर्नका लागि स्टार ल फर्मका वरिष्ठ अधिवक्ता श्री केदार कोईराला ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

ढ) कुन्ता नयाँगाउँ नगरकोट सडकमा ठुला मालवाहक सवारी साधन रोकथाम तथा नियन्त्रण गर्नका लागि खटाईएका नगर प्रहरीहरुलाई अतिरिक्त काम वापतको रकम नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।